११५ औं कार्यपालिका बैठक (आकस्मिक) (मिति २०८२ श्रावण २२ गते) को प्रस्तावनाहरु:

प्रस्तावहरू:

१) विगतको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन/समीक्षा सम्बन्धमा ।
२) उपप्रमुखज्यू समेतको बैदेशिक भ्रमण सम्बन्धमा।
३) नगरपालिकाको प्रोफाईल तयारीको लागि संझौता गर्ने सम्बन्धमा।
४) विद्युत रोयल्टी सम्बन्धमा।
५) सार्वजनिक यातायातको भाडा दर सम्बन्धमा।

CamScanner

## निर्णयहरुः

**प्रस्ताव नं.१.नगर कार्यपालिका बैठका विगतका निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।**

निर्णय नं.१ नगर कार्यपालिकाबाट भएका अधिकांश निर्णयहरु कार्यान्वयन भइसकेका, केही निर्णयहरु कार्यान्वयन भइरहेका र बाँकी निर्णयहरु कार्यान्वयन हुने क्रममा रहेका हुँदा यस कार्यमा नगर कार्यपालिकाका सबै सदस्यहरुले आवश्यक सहयोग, सहकार्य र अनुगमन गर्नुका साथै सम्बन्धित शाखा प्रमुखहरुलाई निर्णयानुसार कार्यान्वयन गर्न बाँकी कार्यहरु विधि र प्रक्रिया पुर्‍याएर उपलब्ध स्रोतका आधारमा कार्यान्वयन गर्दै लैजान निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं.२. उपप्रमुखज्यू समेतको बैदेशिक भ्रमण सम्बन्धमा।**

निर्णय नं.२ Stony Brook University New York को मिति २६ जुलाई २०२५ को पत्र अनुसार अक्टोबर ७ देखि १४ २०२५ सम्म ८ दिने बैदेशिक भ्रमणको लागि नगर उप प्रमुख प्रभा बोगटीज्यू, वडा नं.१ का वडा अध्यक्ष लेनिन रन्जितज्यू र वडा नं. ६ का वडा अध्यक्ष श्यामकृष्ण चालिसेज्यू समेतको सम्पूर्ण खर्चहरु सम्बन्धित University ले व्यहोर्ने गरी निमन्त्रणा प्रास भएकोले नगरपालिकालाई कुनै पनि आर्थिक दायित्व नपर्ने गरी वैदेशिक भ्रमण स्वीकृत प्रक्रिया अगाडि बढाउन संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौंलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं.३.नगरपालिकाको प्रोफाईल तयारीको लागि संझौता गर्ने सम्बन्धमा।**

निर्णय नं.३ राष्ट्रिय तथ्यांक कार्यालयको तथ्यांक समन्वय कार्यालय काठमाडौंसँगको सहकार्यमा यस नगरपालिकाको प्रोफाइल तयार गर्ने सम्बन्धमा उक्त कार्यालयलाई यस कार्यालयको विषयगत शाखाले उपलब्ध गराउनु पर्ने तथ्यांक उपलब्ध ढाँचामा शाखाहरुले तोकिएको समयभित्र उपलब्ध गराउने र अन्य तथ्यांकीय विषयहरु तथ्यांक समन्वय कार्यालय काठमाडौले राष्ट्रिय जनगणना २०७८ समेतलाई आधारमा लिई यस नगरपालिकाको प्रोफाइल तयार गर्न दुईपक्षिय सम्झौता गर्ने यस कार्यको लागि सम्पर्क व्यक्तिको रुपमा सूचना प्रविधि अधिकृतलाई तोक्ने प्रोपाइल तयार भई प्राप्त हुने विद्युतीय कपी नगरपालिकाले आवश्यकता अनुसार छपाई गर्ने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं.४. विद्युत रोयल्टी सम्बन्धमा।**

निर्णय नं.४.यस नगरपालिकाको भूगोलभित्र त्रिशुली र देवीघाट गरी दुईवटा जलविद्युत आयोजनाहरु विगत लामो समयदेखि सञ्चालनमा रहेको अवस्था छ। प्रचलित कानूनी व्यवस्था बमोजिम नगरपालिकाले उक्त जलविद्युत आयोजनाहरुबाट वार्षिक रुपमा प्राप्त हुनु पर्ने रोयल्टी घट्दै गईरहेकोले नगरपालिकाको आयमा नै कमी भई नगरसभाबाट स्वीकृत आयोजना कार्यक्रमहरुको भुक्तानी दिन समेत नसकिएको अवस्था छ विगत वर्षहरुमा उपलब्ध रोयल्टीको विवरण यस प्रकार रहेको छ।

CamScanner

(प्राप्त रोयल्टी विवरण)

आ.व. २०८१/०८२ रु.२,७४,१८,०८६/- (२ करोड ७४ लाख १८ हजार ८६ रुपैया)

आ.व. २०८०/०८१ रु.३,८१,५२,२१०/- (३ करोड ८१ लाख ५२ हजार २ सय १० रुपैया)

आ.व. २०७९/०८० रु.३,६२,८८,५७८/- (३ करोड ६२ लाख ८८ हजार ५ सय ७८ रुपैया)

आ.व. २०७८/०७९ रु.३,५६,७४,९६६/- (३ करोड ५६ लाख ७४ हजार ९ सय ६६ रुपैया)

आ.व. २०७७/०७८ रु.३,६९,९०,१९०/- (३ करोड ६९ लाख ९० हजार १ सय ९० रुपैया)

तसर्थ वास्तविक रुपमा प्रभावित क्षेत्र विदुर नगरपालिका मात्र भएकोले उक्त दुई जलविद्युत आयोजनाबाट पाउनु पर्ने सबै रोल्यटी यस नगरपालिकाले पाउनु पर्ने हाम्रो दावी रहेकोले सो सम्बन्धमा जो गर्नुपर्ने अध्ययन गरी चालु आर्थिक वर्षदेखिको सबै रोयल्टी र विगत वर्षको उपलब्ध हुन बाँकी रोयल्टी समेत यस नगरपालिकालाई उपलब्ध हुने आवश्यक व्यवस्था मिलाउनको लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं.५ सार्वजनिक यातायातको भाडा दर सम्बन्धमा।**

निर्णय नं.५ विदुर नगरपालिका क्षेत्रभित्र सेवा दिई रहेका सार्वजनिक यातायातका साधनले बढी भाडा लिइरहेको भन्ने नगरवासीहरुको गुनासो रहेको अवस्था छ। उदाहरणको लागि विदुरवाट नुवाकोट दरबार करीब ६ किलोमिटरको दुरीमा रहेको छ। यो बाटो पुरै पिच रहेको छ। पहाडी क्षेत्रको हकमा यातायात व्यवस्था विभागले तोकेको भाडादर औषतमा प्रतिकिलो मिटर तीन रुपैयाँ रहेको उक्त कार्यालयको वेवसाईटमा सार्वनजिक भएको हुँदा यस नगरपालिका अन्तर्गतका अन्य वडाहरुबाट पनि जनगुनासो आएको हुँदा यातायात सेवा दिइरहेको यातायात व्यावसायीहरु र अन्य सरोकारवालाहरुको सहभागितामा बैठक राखी आवश्यक नियमन गर्न जिल्ला प्रशासन कार्यालय नुवाकोटलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

CS CamScanner

बैठक संख्या: ११६ (एक सय सोहऔं)
समय:

आज मिति २०८२ भाद्र १६ गते सोमवारका दिन विदुर नगरपालिकाका नगर प्रमुख श्री राजन श्रेष्ठज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको आकस्मिक बैठक बसियो।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री प्रभा बोगटी | नगर उप-प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बावु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्याम कृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रबिन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री बाबुराम तामाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत बहादुर तामाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिब बहादुर बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तामाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री बिन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री सुभाकर पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

CS CamScanner